BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Peer Reviewed Research Journal*
ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# 'कठपुतलीको मन' कथामा विनिर्माणवाद

**डा. कृष्णप्रसाद सापकोटा***
Krishna.sapkota@bimc.tu.edu.np

Received: Aug. 4, 2021, Accepted: Dec. 15, 2021

## सारसङ्क्षेप

*कठपुतलीको मन इन्द्रबहादुर राईको कठपुतलीको मन कथासङ्ग्रहमा सङ्कलित कथा हो। यस कथालाई ज्याक डेरिडाको विनिर्माणवादका आधारमा विश्लेषण गरिएको छ। विनिर्माणवादमा रहने महत्त्वपूर्ण पक्षहरूमध्ये विधाभञ्जन, विधामिश्रण, द्विचरको विरोध, आलङ्कारिकताको महत्त्व स्थापना, जग वा आधारलाई नमान्नु, लेखकलाई भन्दा पाठकलाई महत्त्व दिँदै बहुपठन र बहुअर्थमा जोड, अन्तिम सत्य र आदर्शलाई नमान्नु, विशृङ्खलित शृङ्खलाजस्ता पक्षलाई आधार बनाएर कथाको विश्लेषण गरिएको छ। "कठपुतलीको मन" कथामा यस्ता पक्षहरूको भूमिका महत्त्वपूर्ण रूपमा आएको विनिर्माणवादी प्रवृत्तिका दृष्टिकोणले कथा महत्त्वपूर्ण रहेको कुराको चर्चा यसमा गरिएको छ।*

**शब्दसूची** : *अन्तर्मिश्रण, विधाभञ्जन, विशृङ्खलित, औपनिवेशिक द्विचर, संरचनावाद ।*

## विषयपरिचय

कथाकार इन्द्रबहादुर राई (१९८४) साहित्यका विभिन्न विधामा कलम चलाउने साहित्यकार हुन्। उनले अन्य क्षेत्रको तुलनामा आख्यान क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ। २०१६ सालमा "रातभरि हुरी चल्यो" कथाबाट कथायात्राको प्रारम्भ गरेका राईले 'विपना कतिपय' (ई. १९६१), 'कथास्था' (ई. १९७२) र 'कठपुतलीको मन' (ई. २०७६) जस्ता कथासङ्ग्रह नेपाली कथा साहित्यलाई प्रदान गरेको देखिन्छ। उनका प्रकाशित यिनै कथासङ्ग्रहहरूलाई हेर्दा उनका सुरुका 'विपना कतिपय' सङ्ग्रहका कथाहरू सामाजिक यथार्थवादी प्रवृत्तिमा आधारित सरल प्रकारका छन् भने 'कथास्था' कथासङ्ग्रहका कथाहरू आयामेली मान्यतामा आधारित रहेको देखिन्छ अनि 'कठपुतलीको मन' कथासङ्ग्रहमा सङ्कलित कथाहरू उत्तरआधुनिकवादी लीलालेखनमा आधारित नवीन शैलीलाई समातेर आएको पाइन्छ।

''कठपुतलीको मन'' कथा 'कठपुतलीको मन' कथासङ्ग्रहमा सङ्कलित कथा हो। यस कथामा अन्य कथाकारका वा राईका अन्य कथामा जस्तो विधातात्त्विक मान्यताको अनुसरण नगरिएको हुनाले यसमा राईले नवीन मान्यताको प्रयोग गरेको देखिन्छ। लीलालेखनको नाम दिइएको प्रस्तुत कथामा नवीन प्रयोगभित्र उत्तरआधुनिकतावादभित्र समाहित विनिर्माणवादको समेत प्रभाव देखिन्छ। यस कथामा गरिएको विधागत अन्तर्मिश्रण, विधाभञ्जन, विशृङ्खलित शृङ्खला आदि विविध प्रयोगले कथामा विनिर्माणवादी मान्यताको प्रभावलाई सङ्केत गरेको पाइन्छ। त्यसैले यस अध्ययनमा प्रस्तुत कथामा प्रयुक्त विनिर्माणवादी प्रवृत्तिको प्रभाव के-कस्तो रहेको छ भन्ने कुराको अध्ययन गरिएको छ। यही नै यसको सीमा पनि हो।

## विश्लेषणको सैद्धान्तिक आधार

विनिर्माणवाद पछिल्लो चरणमा आएको र स्थापित भएको मान्यता हो। मूलतः विनिर्माण अङ्ग्रेजीको 'डिकन्स्ट्रक्सन' शब्दको नेपाली रूपान्तरण शब्द हो। विनिर्माणवदमा 'वाद' प्रत्यय जोडिएर विनिर्माणवाद शब्दको निर्माण भएको देखिन्छ। उत्तरआधुनिकतावादको मूल मान्यता उत्तरसंरचनावाद हो र उत्तरसंरचनावादको केन्द्रीय तत्त्व 'डिकन्स्ट्रक्सन' हो। डिकन्स्ट्रक्सन शब्दको पहिलो प्रयोग गर्ने व्यक्ति फ्रान्सेली विद्वान् ज्याक डेरिडा हुन्। उनले सन् १९६६ मा स्ट्रक्चर साइन एण्ड प्ले इन ट डिस्कोर्स अफ ह्युमन साइन्सेज नामक कार्यपत्र प्रस्तुत गर्दै संरचनावादको आलोचना र उत्तरसंरचनावादको समर्थन गरेको

* Dr. Sapkota is Associate Professor in Nepali at Birendra Multiple Campus (Tribhuvan University)

पाइन्छ। यो नै मूलतः विनिर्माणवादको जगको रूपमा रहेको देखिन्छ। बनाउनु वा निर्माण गर्नु भन्ने अर्थ बोकेको 'कन्स्ट्रक्सन' को अगाडि विपरितार्थक 'डि' पूर्वसर्ग लागेर डिकन्स्ट्रक्सन शब्दको निर्माण भएको छ र यसले बनाउनु वा निर्माण गर्नुको उल्टो अर्थ प्रदान गरेको पाइन्छ। ज्याक डेरिडाले ल्याएको डिकन्स्ट्रक्सन शब्दको उत्तर औपनिवेशिक युगमा प्रतिपादित एक त्यस्तो सिद्धान्त बन्यो जस्ले केन्द्रलाई तलमाथिको क्रमलाई अस्वीकार गऱ्यो र परम्परागत संस्कृति तथा साहित्यहरूलाई हेर्ने कोणमा परिवर्तन गरिदियो । 'डिकन्स्ट्रक्सन' को हतियार अहिले नितान्त सामयिक ठहरिनुको कारण यो हो कि यसले मूलधारलाई तोड्न सिकाउँछ र जातीय, उपजातीय उपेक्षित वा परिधीय समुदायको वकालतमा बुद्धि दिन्छ (गौतम, २०६४ : पृ. १९९) भन्नुबाट पनि विनिर्माणवादको मान्यतालाई केही रूपमा बुझ्न सकिन्छ।

विनिर्माणवादले साहित्यिक जगत्मा नवीन मान्यतालाई स्थापित गर्ने कार्य गरेको छ । विनिर्माण भनेको पूर्ववर्ती कुनै संरचनाको विनास नभएर त्यसको पुर्नसंरचना हो । यसले हिजोका स्थापित आदर्शलाई मान्दैन । शब्दकेन्द्रवादलाई अमान्य गर्नु, द्विचरविरोधको विरोध गर्नु, लेखनलाई प्रमुखतामा ल्याउनु, आधारलाई नमान्नु, अनिश्चयको खाडलतिर लैजानु आदि नै यसका विशेषताहरू हुन् । विनिर्माणवादी मान्यतामा के कुरा भनिन्छ भने हामीले सिर्जनाद्वारा गरेका, भनेका कुरामा भन्न खोजेको सबै अर्थ आउँदैन । पढ्नेले त्यो छेकिएको अर्थ खोज्नु पर्दछ । एउटा कृतिभित्र छोपिएर वा छेकिएर रहेको बहुआर्थिकतालाई यस पद्धतिले खोतलेर पाखा ल्याउँछ । कृति पढ्दा प्रत्येक शब्दका अनेक अर्थको वैधतालाई समातेर पढ्नुपर्छ । लेखकले नभनेका, भन्न छुटाएका रिक्तताहरूको अर्थ पाठकले खोज्नुपर्छ (भट्टराई, २०६६ : पृ. १३४) भन्ने अभिव्यक्तिबाट पनि विनिर्माणवादको आशयलाई बुझ्न सहयोग पुग्ने देखिन्छ।

विनिर्माणवादको प्रयोगकर्ता ज्याक डेरिडाले यो सिद्धान्त वा मान्यताको स्थापना गर्ने सन्दर्भमा उनले नित्सेको "यस जगत्मा निर्विकल्प सत्य केही छैन, तसर्थ कुनै पनि व्याख्या अन्तिम हुन सक्दैन" भन्ने धारणा र हाइडेगरको "भाषाले वस्तुको प्रकृतिबारे अनेक कुराको बोध गराउँछ" भन्ने मान्यताबाट पनि प्रभाव ग्रहण गरेको देखिन्छ। यिनै र यस्तै मान्यता वा आधारशीलामा उभिएर डेरिडाले साहित्यिक क्षेत्रमा ज्यादै नवीन मान्यतालाई अगाडि ल्याउन सफल रहेको पाइन्छ । "पाठको अर्थलाई सहस्र सौन्दर्यछटा भएकी सुन्दरीजस्तो मान्ने यस मान्यताले विभिन्न पठनद्वारा ती सबै अर्थ प्राप्त गर्न प्रेरित गर्दछ (शर्मा र लुइटेल, २०६१ : पृ. ३६३) । विनिर्माणवादले साहित्यिक मान्यताका विविध क्षेत्रमा प्रभाव पारेको छ। यिनै र यस्तै विविध मान्यताहरूको प्रभाव "कठपुतलीको मन" कथामा के-कसरी परेको छ भन्ने कुराको अध्ययन गर्ने कार्य यहाँ गरिएको छ।

## "कठपुतलीको मन" कथामा विनिर्माणवादको प्रभाव

विनिर्माणवादले ओगटेको क्षेत्र विशाल र फराकिलो छ । विनिर्माणवादका मान्यताहरू पनि धेरै छन् । विनिर्माणवादका विभिन्न प्रकारका मान्यताहरू भए पनि कथामा देखापरेका यससम्बन्धी सीमित मान्यताको मात्र अध्ययन यसमा गरिएको छ। यस सन्दर्भमा प्रस्तुत कथामा आएको विधाभञ्जन, विधामिश्रण, आलङ्कारिकताको महत्त्व स्थापना, जग वा आधारलाई नमान्नु विशृङ्खलता, शृङ्खलाजस्ता विविध विनिर्माणवादी प्रवृत्तिको अध्ययन यसमा गरिएको छ :

### विधाभञ्जन

'कठपुतलीको मन' कथामा विधाभञ्जनको स्थिति पनि रहेको पाइन्छ । यस कुराको पुष्टि कथाको सुरुमा कथा कैलै नपत्याउनु। कथामा म एउटै सत्य मात्र बोल्छु, एउटै र मायासत्य। आएर बसभन्दा पनि उभिएरै कराउँछन् अरू सत्यहरू। माग गर्छन् लीला सहभागिता उज्यालै उज्यालोको नाटकमा (२०६६ : पृ. १४०) भन्ने अभिव्यक्तिले परम्परित कथाको स्वरूपमा परिवर्तन मात्र नगरेर त्यसलाई भत्काउने काम पनि गरेको पाइन्छ। कथामा विधागत साँध भत्काइएको छ। ज्याक डेरिडाको विधाभञ्जनको नियम प्रस्तुत कथामा लागु भएको छ। भाषा, साहित्य र समालोचनाको क्षेत्रमा स्थापित मान्यतालाई नमान्दै त्यसको संरचनालाई भत्काएर खण्ड-खण्ड बनाउनु, खण्ड-खण्ड संरचनालाई भत्काएर टुक्रा-टुक्रा बनाउने कार्य यसमा भएको छ र कथाको नाम दिइएको प्रस्तुत कथामा नाटक, अन्तर्वार्ता, कविता आदिको मिश्रण गरेर विधाभञ्जन गर्ने कार्य पनि भएको छ । ''कठपुतलीको मन'' कथामा गुरुप्रसाद मैनालीको "परालको आगो" कथाको विधाभञ्जन गरिएको छ।

यस कथालाई नाटकको रूपमा पनि प्रस्तुत गरिएको छ । यसमा बत्तीसपटक पर्दा लाग्ने र एकतीसपटक पर्दा खुल्ने काम भएको छ। यसरी पर्दा लाग्ने र खुल्ने कार्य कथामा नभएर नाटकमा हुन्छ अनि यसमा कथामा जस्तो वर्णनात्मक अभिव्यक्ति नआएर नाटकीय अभिव्यक्ति आएको छः कोर सल्केको हात, धारे हात मच्चाई, बाबुआमा राँडारौँडीका आँखा फुटेर, पूर्व माइती गाउँतर्फ देखाई, कसाइका हातमा सुम्पे चामेतिर देखाएर। यस्ता कङ्गाली मोरो चामेलाई फेरि देखाएर की जोई भएर बस्नुभन्दा डुबेर मर्नु जाती (२०६६ : पृ. १४३) भन्ने अभिव्यक्तिले यसरी कथालाई नाटकीकरण गर्ने कार्य भएको स्पष्ट हुन्छ र "परालको आगो" कथाको कथावस्तुलाई केही रूपमा समात्दै त्यसमा अन्य प्रसङ्गहरूलाई गाँस्ने कार्यका साथै भएको कथालाई पनि विभिन्न रूपमा भत्काउने कार्य यहाँ भएको छ।

प्रस्तुत कथामा निश्चित स्वरूप पनि छैन अनि वर्णनात्मकता र पात्रको बीचमा क्रमिक रूपको सु-सङ्गति पनि भएको देखिँदैन। प्रचलनमा रहेको कथागत संरचनाका समस्त स्वरूपहरू भत्काउने तरिका "कठपुतलीको मन" कथामा सशक्त बनेर आएको पाइन्छ। गुरुप्रसाद मैनालीको "परालको आगो" कथामा पुष्ट कथावस्तु थियो भने यसमा क्षीण कथावस्तु आएको छ। यस कथाले परम्परित रूपमा स्थापित आदर्शलाई जुनसुकै रूपमा पनि भत्काएको छ र त्यसलाई भत्काउने उद्देश्यबाट प्रेरित भएर नै कथा आएको छ। योजनाबद्ध रूपमा कथाका विविध परम्परित मान्यतालाई भत्काउनु र नवीन मान्यतालाई प्रस्तुत कथाले स्थापित गरेको छ र विधाभञ्जन गरेको छ।

## विधामिश्रण

''कठपुतलीको मन'' कथामा विधामिश्रण पनि भएर आएको छ । कुनै एक कृति वा विधामा संरचनागत रूपमा विभिन्न विधागत विशेषता देखापर्नु विधामिश्रण हो । कथा, उपन्यास, निबन्ध, कविता आदि छुट्टाछुट्टै विधाहरू हुन् । यिनीहरूको निश्चित मानक र ढाँचा हुन्छ । उत्तरआधुनिकतावादी लेखनमा विधागत नियमहरूको उल्लङ्घन हुन थाल्यो । डेरिडाले विनिर्माणवादसम्बन्धी सिद्धान्त प्रतिपादन गरेपश्चात् एउटै विधागत कृतिमा अन्य विधाका स्वरूपहरूको समेत प्रभाव पर्न थाल्यो। यसरी एउटै कृति वा विधामा अन्य विधाहरू पनि मिश्रण भएर आउनुलाई विधामिश्रण भनिन्छ।

''कठपुतलीको मन'' कथामा कथा, नाटक, अन्तर्वार्ता, कविता आदि समाहित भएको छ। त्यसैले यस कथालाई विविध रूपमा हेर्न पनि सकिन्छ। कथालाई बढीभन्दा बढी नाटकीकरण गरिएको छ। कथा एउटै प्रसङ्गबाट अगाडि नबढेर विभिन्न प्रसङ्गबाट अगाडि बढेको छ र विशृङ्खलित पनि भएको छ। कथामा चामे र गौँथलीको मात्र प्रसङ्ग नभएर डिना र देवान भिनाजुको नाता पर्ने आइमाइ र त्यसको लोग्नेको प्रसङ्ग पनि आएको छ। प्रस्तुत कथामा कथाको विषय सङ्गठित रूपको छैन। छरिएको छ भन्दा पनि हुन्छ। आएका घटना पनि विभिन्न रूपमा आएका छन्। प्रस्तुत कथामा प्रत्यक्ष वा अप्रत्यक्ष संवादको प्रयोगले नाटकीय विशेषता बोकेको कतिपय प्रसङ्ग पाइन्छ। जस्तै : आइपुग्छ जुठे जेठा। सेतोमा हरियो डोरे कमेज, सेतो सुरुवाल लाएको। निकै मोटाइलो जीउको। मोटो र मीठो सोरले र छिटो बोल्ने। "पुगिसकिस् भनेको, यैं पो ? बात हाँक्न पाएपछि .... झोक्कियो। चामेलाई :

"के मेलो छ, कान्छा ?"

चामे चलमलाउँछ, जीउ मिलाउनलाई जस्तो।

"यस्तै छ दाइ।"

"बुहारीलाई माइत धपाइहालिस्, अब एक्लै मोज गर बस्।"

चामेले भुइँ हेऱ्यो।

"मोजै भन्नुपऱ्यो अब।"

"यस्तो मोज त सतुरलाई पनि नहोस् ब्यारे" भनिन् जुठेनीले।

"आइहाल् तँ" स्वास्नीलाई हपारिराखेर गइहाल्यो जुठे (२०६६ : पृ. १४६-१४७)।

प्रस्तुत कथामा अन्तर्वार्ताको खण्ड पनि रहेको छ :

: हामी केही प्रश्नहरू गरौँ कि यहाँलाई ?

: भाउज्यूलाई लिन जानुहुन्न, गौँथली भाउज्यूलाई ?

: लिन जाने विचार छैन रहेछ ऐले, यै बुझौँ कि ?

: (दायाँबाट) झगडा हुनुको कुनै एक विशेष कारण थियो, के यसो भन्नु साँचो होइन ?

चामे : बिहा हेर्न गइछ

(२ ले लेख्छन्)

: हेर्न हुँदैन बिहा ?

(हाँस्छन् आफैँ) (२०६६ : पृ. १४९)।

यस कथामा कविताको अंश पनि रहेको छ :

कति कति गीतहरू तिम्रा आँखाहरू

कति मेरा नीदहरू तिम्रा यी बाँहहरू ...

सबै सबै रीतहरू तिम्रा पलकहरू

सबै मेरा नीदहरू तिम्रा यी बाँदहरू ... (२०६६ : पृ. १६३)।

प्रस्तुत कथामा चामे र गौथलीको मात्र नभएर अन्य कथाहरू पनि आउनु, कथा, नाटक, अन्तर्वार्ता, कविताका कतिपय तत्त्वहरूको समावेश हुनुजस्ता कुराहरूले यो कथाले उत्तरआधुनिकतावादी विधामिश्रणको प्रवृत्तिलाई आत्मसात गरेको पाइन्छ।

## द्विचरताको विरोध

संरचनावादमा द्विचरविरोधले महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ। दिनरात, सुखदुःख, हाँसोरोदन, नरनारी, उज्यालोअँध्यारोजस्ता युग्मकका पहिलोलाई प्राथमिकता दिइन्छ भने दोस्रोलाई त्यसकै पूरकको रूपमा लिने गरिन्छ। जस्तै : दिनरात, हाँसोरोदनमा दिन र हाँसो प्राथमिकतामा आउँछ भने रात र रोदन त्यसकै पूरकका रूपमा आएको मानिन्छ। त्यसकारणले यस्ता युग्मकलाई तोड्दा विनिर्माणवादमा रातदिन, रोदनहाँसो, नारीनर गर्नुपर्दा पनि रात, रोदन, नारी प्राथमिकतामा आउँदा उचित नहुने देखेर गन्तव्यलाई अनिश्चिततामा छोडिन्छ। त्यसैकारणले विनिर्माणवादीहरूले द्विचरविरोधी युगलको सम्बन्धलाई कमजोर बनाउँदै द्विचरलाई निष्कर्षहीन विशृङ्खलतामा पुऱ्याएको पाइन्छ।

"कठपुतलीको मन" कथापमा पनि यस्ता द्विचरविरोधले स्थान पाएको छ। यसमा द्विचरको विरोध गर्दै कुनै एकलाई केन्द्र नमानी अनिश्चिततामा छोडिएको परिस्थिति पाइन्छ : बिर्सेको सम्झेको झैँ मुख हुक्कामा झट्ट जोड्छ, सम्झेर झैँ झट्ट छुट्याउँछ (२०६६ : पृ. १४२)।

माथिका प्रस्तुत उद्धरणमा बिर्सेको, सम्झेको, जोड्छ, छुट्याउँछजस्ता द्विचरको विरोध गरिएको देखिन्छ।

## आलङ्कारिकताको महत्त्व र स्थापना

भाषा-साहित्यमा आलङ्कारिकताको महत्त्वपूर्ण स्थान रहने कुरालाई ज्याक डेरिडाले स्वीकारेको पाइन्छ। उनले भाषाका प्रायः सबै रूपलाई आलङ्कारिक मानेका छन्। "कठपुतलीको मन" कथाको शीर्षक नै आलङ्कारिक छ। यथार्थमा मान्छेको वा कुनै पनि प्राणीको मन हुन्छ। काठको पुतलीको मन हुन सक्दैन वा हुँदैन। कथामा बरू निर्जीव वस्तुको मन हुन सक्ला तर अहिलेको मानिसको मन सुन्दर छैन। स्वार्थले भरिएको मन विचार र भावना बोकेर वर्तमान मान्छे संसारमा विचरण गरेको छ भन्ने आलङ्कारिक शीर्षकको प्रयोग कथामा गरिएको पाइन्छ। यस्तै कथामा आएका केही आलङ्कारिक पङ्क्तिहरू यस्ता छन् :

दुम्सीलाईजस्तो धुँवा लाइराखेर मरी (पृ. १४२)।

केही नमानेकी झैँ चामेलाई (पृ. १४३)।

छुराजस्तो मुख छ अनि नकुटेर के गर्नु (पृ. १४६) ?

चामे चलमलाउँछ, जीउ मिलाउनलाई जस्तो (पृ. १४६)।

आप्तपुरुषले त्यस साँझै झगडा झिकेकै किन (पृ. १५२) ?

गौँथली गाग्रो गर्भाकारमा तृष्णा मार्ने पानी लिएर, पानी भएर आएकी थिइन् । दुईबीचको लडाइँ हो यौन ... (पु. १५२) ।

मलाई हाँकजस्तो लाग्यो, हरामीको बच्चाको (पृ. १५४) ।

प्रस्तुत उदाहरणका अतिरिक्त पनि यसमा प्रशस्त यस्ता आलङ्कारिक पङ्क्तिहरू कथामा आएका छन् । माथि प्रस्तुत गरिएका उदाहरणमा पनि आलङ्कारिक छटा प्रशस्त मात्रामा भएको देखिन्छ । डेरिडाले रूपक अतिशयोक्ति उपमाजस्ता आलङ्कारिक भाषाको प्रयोग जुनसुकै पाठमा पनि हुन्छ भन्ने धारणा राख्दछन् र "कठपुतलीको मन" कथामा पनि यस्ता आलङ्कारिक पङ्क्तिहरू प्रशस्त मात्रामा आएको देखिन्छ ।

## जग वा आधारलाई नमान्नु

विनिर्माणवादले जग वा आधारलाई मान्दैन । यसले जगको खोज वा प्राप्ति सम्भव नै छैन भन्ने दृष्टिकोण राख्दछ र शून्यतामा नृत्य गर्दछ : "रिक्तता हाँस्दछ, कला तथा साहित्यमा बिडम्बनापूर्ण परिहासमय डिस्कोर्सहरू हामीलाई जीवनका रिक्तता, शून्यता वा विसङ्गतिको छवि दिन्छन्" (गौतम,२०६६ : पृ. ३३) ।

''कठपुतलीको मन" कथामा काठको पुतलीको मन हुँदैन भन्ने जान्दा-जान्दै पनि ''कठपुतलीको मन'' शीर्षक राखेर मानवीय मनको स्वभाव र परिस्थितिको यथास्थितिलाई कथामा देखाउन खोजिएको छ । विनिर्माणवादी दृष्टिमा वर्तमान परिस्थितिमा कुनै पनि वस्तुको जग नै भत्केको स्थिति छ, न त समाउन हाँगा छ, न त टेक्ने ठाउँ छ । त्यसैले जग वा आधारको खोजको पनि सम्भव छैन । समाज समुदायमा मान्छे-मान्छेको रूपमा प्रस्तुत हुन सकेको छैन । हिजोको नीति-नियम, मान्यता र आदर्शलाई विनिर्माणवादले मान्दैन । हिजोको मान्यतामा विवाह एउटा मान्यता वा जगको रूपमा स्थापित थियो । आज त्यो स्थिति रहेको देखिँदैन । आफै जानु, आफै छुट्नु सामान्य परिस्थिति बनेको कुरालाई "मैले तिमीलाई मेरी छोरी लैजाऊ, भन्ने थिइँन" पुरानो रिस ल्याएर भने मैले - भन्न थालेँ, अब बाँकी क्यै नराखी त्यति राम्ररी कमेन्ट पढ्दै गरेकोलाई भगायो । कामदामचैँ तिम्रो थिएन छ । जबरजस्ती केटीले पो भाग्नु लगाको भनेर सुनाइहिँड्थ्यौँ अरे... (पृ. १५३) ।

यसरी जग वा आधारलाई नमान्ने विनिर्माणवादले शून्यतालाई मान्दछ । मार्क्सवादले भविष्यको सुन्दर कल्पना गरेको छ तर विनिर्माणवादले कुनै पनि कुराको सत्य वा टुङ्गो हुन्छ भन्ने मान्दैन यसले जताततै शून्यता देख्दछ र मानिस त्यही शून्यताको बोध गर्दै बाँचेको हुन्छ भन्ने दृष्टिकोण राख्दछ । ''कठपुतलीको मन'' कथामा आएका चामे, गौंथली, डीना, डीनाको लोग्ने, जुठे आदि पात्रहरू आफ्नो अनिश्चित जिन्दगीको यात्रामा शून्यताले ग्रसित भएर बाँचेको देखाइएको छ । त्यसैले कुनै पनि वस्तुको जग वा आधारलाई विनिर्माणवादले मान्दैन । जग वा आधारलाई नमान्नु विनिर्माणवादको महत्त्वपूर्ण पक्ष पनि हो ।

## बहुपठन र बहुअर्थमा जोड

ज्याक डेरिडा लेखकले निश्चित अर्थ प्रदान गर्नको लागि कुनै पनि कृति वा पाठ लेखेको हुन्छ भन्ने कुराको विरोध गर्दछन् । उनी लेखकीय सन्दर्भबाट भन्दा पनि पाठकले पाठबाट आफ्नै रूपमा अर्थको निर्धारण गर्दछ भन्ने दृष्टिकोण राख्दछन् । एउटै पाठलाई पनि पाठकको ज्ञान, क्षमता, स्तर, परिवेशअनुरूप अर्थमा फरक पर्न सक्छ । कुनै पनि पाठलाई जतिपटक पढ्दै गइन्छ, त्यति-त्यति त्यसको अर्थमा पनि भिन्नता लाग्न सक्छ । विनिर्माणवादका अनुसार पाठका मुख्य तत्त्वलाई "उल्टोपाल्टो गर्नु वा वरपर सारेर विस्थापित गर्नु नै विनिर्माण हो (शर्मा र लुइटेल, २०६१ : ३६२) भन्नुले पनि विनिर्माणले बहुलअर्थलाई मान्दछ वा त्यसलाई प्रश्रय दिन्छ भन्ने कुरालाई बुझ्न सकिन्छ । उनका अनुसार पाठकले विपठनका माध्यमबाट स्वतन्त्र रूपमा शब्दको अर्थ लगाउन पाउँछ । ''कठपुतलीको मन'' कथामा प्रत्येक अभिव्यक्तिहरूलाई पाठकले स्वतन्त्र रूपले अर्थ्याउन सक्ने बनाएर अपूर्णतामा नै पूर्णताको खोजी गराइएको पाइन्छ । जस्तै : "गौँथली गाग्रो गर्भाकारमा तृष्णा मार्ने पानी लिएर, पानी भएर आएकी थिइन् । दुईबीचको लडाइँ हो यौन...." (पृ. १५२) ।

यहाँ गाग्रो, गर्भाकार, तृष्णाजस्ता शब्दहरूलाई पाठकले विभिन्न अर्थमा अर्थ्याउन सक्ने बनाउन खोजिएको छ । आफ्नो क्षमताबमोजिम अनेकौँ सम्भावना बोकेका शब्दहरूलाई पाठकले अनेक सन्दर्भमा बुझ्न सक्छ; कथामा यस्तो प्रशस्त मात्रामा पाइन्छ ।

## अन्तिम सत्य वा आदर्शलाई नमान्नु

विनिर्माणवादले कुनै पनि स्थापित आदर्शलाई र अन्तिम सत्यलाई मान्दैन । विनिर्माणवादले अन्तिम सत्य यही हो भन्ने मान्यता त्यागेको छ, जसले गर्दा भ्रमको सिर्जना हुन जान्छ (भट्टराई, २९६४ : पृ. १०४) भन्नुले पनि यसले अन्तिम सत्य वा स्थापित आदर्शलाई नमान्ने कुराको पुष्टि हुन जान्छ । यसमा भाषा, साहित्य र समालोचनाको क्षेत्रमा स्थापित अन्तिम सत्य वा आदर्शलाई नमान्नुका साथै त्यसको संरचनालाई भत्काएर खण्ड-खण्ड बनाउनु, खण्ड-खण्ड संरचनालाई टुक्रा-टुक्रा बनाउने कार्य भएको पाइन्छ । अर्थ वा भाव भाषाको आन्तरिक सत्य हो । अर्थ यति गहन हुन्छ कि भाषाले त्यसलाई बहन गर्नै सक्दैन । अर्थ माया सत्य हो, अर्थ कहिल्यै पनि निरपेक्षित हुँदैन । अर्थ अमूर्त हुन्छ । अमूर्त अर्थ वा अर्थको माया सत्यलाई बोध गर्न सकिन्छ कि भन्ने उद्देश्यले शीर्षकीय विनिर्माण, पाठीय विनिर्माण, विधात्मक विनिर्माण, संरचनात्मक विनिर्माण गरेर लेखकले आन्तरिक सत्य खोज्ने प्रयास गर्दछ भन्ने मान्यता यसको रहेको हुनाले स्थापित सत्य वा आदर्शलाई विनिर्माणवादले मान्यता दिँदैन ।

''कठपुतलीको मन'' कथामा गुरुप्रसाद मैनालीको “परालको आगो” कथामा स्थापित अन्तिम सत्यलाई वा आदर्शलाई भत्काउने कार्य भएको छ । नेपाली समाजमा परम्परादेखि नै लोग्ने-स्वास्नीको झगडा परालको आगोजस्तै हुन्छ भन्ने मान्यता थियो, त्यसलाई ''कठपुतलीको मन'' कथामा भत्काउने काम भएको छ । यसमा चामे र गौथलीको पारिवारिक जटिलतालाई अन्तर्वार्ताका रूपमा विनिर्माण गर्ने कार्य पनि गरिएको छ । अझ अन्तर्वार्ताको सरल पद्धतिलाई पनि भत्काएर चामे र गौथलीबीचको झगडा र कुटाकुटलाई विनिर्माण गरेर यसको प्रसङ्ग डिना र देवान भिनाजुको नाता पर्ने आइमाई र त्यसको लोग्नेसँगको घटनामा विनिर्माण गरिएको छ । “परालको आगो” भित्रको लोग्ने-स्वास्नीको झगडा परालको आगोजस्तो हुरुरु बलेर तुरुन्तै निभेजस्तो हुन्छ भन्ने आदर्शलाई पनि भत्काएर विनिर्माण गरिएको छ । यसमा जुठे दमाईको पारिवारिक आदर्शलाई पनि विनिर्माण गर्ने कार्य भएको छ । यस कथामा कथाकारले लेखकीय विचार, शीर्षक, मूलपाठ, कथात्मक संरचना आदि विविध पक्षमा विनिर्माण गरेका हुनाले र विनिर्माणवादको मान्यताअनुरूप अन्तिम सत्य र आदर्शलाई नमान्ने प्रवृत्ति यसमा पनि प्रयोग भएको पाइन्छ ।

## विशृङ्खलित शृङ्खला

उपन्यासमा जस्तै कथामा पनि शृङ्खलित कथानक भएको कथालाई आधुनिकताले स्वीकार्दछ । कथामा आउने कुनै पनि घटनाक्रम क्रमबद्ध वा शृङ्खलित रूपमा प्रारम्भ हुँदै अन्त्यतिर लम्केको स्थिति नै शृङ्खलित स्थिति हो । एक-अर्कासँग सिक्रीझैँ बाँधिएर आउनु शृङ्खलित हो भने त्यस्तो स्थिति नरहनु विशृङ्खलित हुनु हो । विनिर्माणवादले शृङ्खलितलाई भन्दा विशृङ्खलित पठनमा विश्वास राखेको हुन्छ । ''कठपुतलीको मन'' कथामा विशृङ्खलित कथानक छ । प्रस्तुत कथाको प्रारम्भमा नै गौथली र जुठे एकै ठाउँमा भेट गराइएको छ । गुरुप्रसाद मैनालीको “परालको आगो” कथामाझैँ चामे जोतेर घर आएको आदि प्रसङ्ग यसको प्रारम्भमा छैन । ढोलकको वाद्यवादनसँगै नाटकमा जस्तै प्रसङ्ग बदलिन्छ । चामे र गौथलीको चल्दा-चल्दैको प्रसङ्गलाई बीचमा नै छोडेर डिना र देवान भिनाजुको नाता पर्ने आइमाई र त्यसको लोग्नेको प्रसङ्ग आउँछ भने पुनः ढोलकसँगै चामे र गौथलीको अन्तर्वार्ता आदि विविध प्रसङ्गहरू आएका छन् । यसरी प्रस्तुत कथामा कथावस्तुगत क्रमिकता देखापर्दैन तर पनि विशृङ्खलित पठनमा पाठक स्वतन्त्र छ । जहाँबाट र जसरी थालेर कथा पढे पनि कथानकता खलबलिनुभन्दा पनि नयाँ-नयाँ स्वाद पाएको अनुभूति पाठकले गर्दछ । त्यसैले यस कथामा पुरानो कथानकमा नवीनता र अन्य नवीन कथानक आएका हुनाले ती कथानक विशृङ्खलित भए पनि त्यहाँ एउटा फरक र आफ्नै प्रकारको शृङ्खला बनेको देखिन्छ । यसरी विशृङ्खलितामा शृङ्खला बन्दै जानुले पनि प्रस्तुत कथामा विनिर्माणवादी प्रवृत्ति रहेको अनुभूति गर्न सकिन्छ ।

यसरी ज्याक डेरिडाले प्रतिपादन गरेको विनिर्माणवादका मान्यताहरूमध्ये केही मान्यताहरूलाई आधार बनाएर प्रस्तुत ' कठपुतलीको मन' कथालाई हेर्दा प्रस्तुत कथामा विनिर्माणवादको प्रभाव रहेको पाइन्छ ।

## सन्दर्भस्रोत

गौतम, कृष्ण (२०६४). उत्तरआधुनिक जिज्ञासा. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन्स ।

गौतम, लक्ष्मणप्रसाद (२०६७). नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना. काठमाडौँ : ओरिएन्टल पब्लिकेसन्स हाउस प्रा.लि. ।

भट्टराई, गोविन्दराज (२०६४). उत्तरआधुनिक विमर्श (दो.संस्क.). काठमाडौँ : मोर्डन बुक्स ।

..................... (२०६६). उत्तरआधुनिक ऐना (दो.संस्क.). ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६१). पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०६६) सम्पा. नेपाली कथा (भाग ४. दो.संस्क.). ललितपुर : साझा प्रकाशन. ।